बैठक संख्या ३३ मिति २०७६।०२।१५

आज मिति २०७६।०२।१५ गतेका दिन दिउसो १.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३ श्री उमानाथ ढकाल | सचिव (निमित्त प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

१..श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२००३

बैठक संख्या ३३

मिति: २०७६।०२।१५

प्रस्तावहरु:

१) समीक्षा एवं स्वास्थ्य लाभको कामना सम्वन्धमा ।

२) करारमा शिक्षक पदपुर्ति सम्वन्धमा ।

३) कक्षा संचालन अनुमति सम्वन्धमा ।

४) सामुदायिक स्वास्थ्य भवन निर्माण सम्वन्धमा ।

५) प्रदेश योजनामा समावेश गर्ने सम्वन्धमा ।

६) थप दरवन्दी श्रृजना सम्वन्धमा ।

७) श्रोत व्यक्ती काजमा राखने सम्वन्धमा ।

८) पद मिलान सम्वन्धमा ।

९) विद्यालय गाभ्ने सम्वन्धमा ।

१०) मुल्यांकन प्रक्रिया अगाडी वढाउने सम्वन्धमा ।

११) विद्यालयको नाम परिवर्तन अनुमोदन सम्वन्धमा ।

१२) विद्यालयको निर्माण काम सम्वन्धमा ।

१३) योजना माग सम्वन्धमा ।

१४) प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

१५) पुल निर्माण र राहत सम्वन्धमा ।

१६) घाटवाट ढुंगा, गिटी, वालुवा उत्खनन् सम्वन्धमा ।

निर्णयहरु:

उपरोक्तानुसारका प्रस्तावहरु माथि छलफल गरी तपसिल अनुसारका निर्णयहरु गरियो ।

नि० प्रमुख प्रशासकीय अधिकृत

दुर्गा वहादुर थापा
अध्यक्ष

१ कार्यपालिकाको मिति २०७६।०१।१५ गते भएका निर्णयहरुको समीक्षा एवं छलफल भयो । साथै यस गाउँपालिकाका उपाध्यक्ष श्री विमला थापाज्यू सवारी दुर्घटनामा परी तथा यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदीज्यू लामो समय देखि विरामी भई अस्पताल भर्ना हुनु भएकोले निजहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

२. यसगाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयको स्वीकृत दरवन्दीको विभिन्न तहको शिक्षक पदको रिक्त पदमा स्थायी पदपुर्ति भई नआए सम्म करारमा शिक्षक पदपुर्ति गर्ने निर्णय गरियो ।

३.शैक्षिकवर्ष २०७६ देखि राष्ट्रिय आधारभुत विद्यालय देवघाट ४ काफलडाँडालाई कक्षा ७ र वालकेश माध्यमिक विद्यालय देवघाट ३ लाई कक्षा १० संचालन अनुमति दिने निर्णय गरियो ।

४. देवघाट वडा नं ५बगन्डी र वडा नं २ खाल्टेमा सामुदायिक स्वास्थ्य इकाईको भवननिर्माणसशर्त बजेट अनुदान कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

५.गाइघाट,सिन्च्याङ, सानुभञ्याङ सडक स्तरोन्नति गर्न प्रदेश योजनामा समावेश गर्नको लागी प्रदेश सरकारमा पठाउने निर्णय गरियो ।

६.जिल्ला समन्वय समिति तनहुँबाट इन्जिनियरिङ सेवा अर्न्तर्तको श्रेणीविहिन डोजर हेल्पर पदको कर्मचारी यस कार्यालयमा समायोजन गरी पठाएकोले उक्त पद थप दरवन्दी श्रृजना गर्ने र पछि पद रिक्त भए पछि स्वत: पद खारेज हुने निर्णय गरियो ।

७.यस गाउँपालिकाको शिक्षा इकाईमा कर्मचारी अभावका कारण शिक्षा क्षेत्रको कार्य सम्पादनमा असर पुग्न गएकोले साविक देखि सो क्षेत्रमा काम काज गर्दै आउनु भएका श्रोतव्यक्ति श्री शिवराज खनाललाइ सो इकाइको जिम्मेवारी हेर्ने गरी २०७५ चैत्र देखी २०७६ आषाढ मसान्त सम्म यस गाउँपालिकावाट निज शिवराज खनालको सट्टामा विद्या निकुन्ज मा.वि. भानु न.पा. १२, बयापानीमा अध्यापन गरिहेका शिक्षकलाई तलबभत्ता पठाउने गरी निज शिवराज खनाललाई यस गाउँ कार्यपालिकाको कार्यालयमा काजमा राख्ने निर्णय गरियो ।

८.यस गाउँपालिकाको कर्मचारी दरवन्दी संरचनामा सहायक महिला विकास निरीक्षक चौथो तह स्वीकृत भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी समायोजनको क्रममा पाँचौ तहको कर्मचारी समायोजन गरी पठाएकोले चौथौ तहको दरबन्दीलाई पाँचौ तहमा पद मिलान गर्ने निर्णय गरियो ।

९.देवेश्वरी आधारभुत विद्यालय देवघाट ४ ढद्डाघारीमा विद्यार्थी नभएकोले सो विद्यालयलाई राष्ट्रिय आधारभुत विद्यालय काफलडाँडामा गाभ्ने र सो विद्यालयमा कार्यरत शिक्षकलाई दरवन्दी सहित गाभिएको विद्यालयमा काजमा खटाउने निर्णय गरियो । साथै देवघाट, ५ कुवादी स्थित वाल विकास केन्द्रमा यस शैक्षिक सत्रको शुरुमा वालवालिका नरहेकाले पछि वालवालिकाको संख्या पुगेमा पुनः संचालन गर्ने गरि हाल सो वालविकास केन्द्र वन्द गरी अर्को व्यवस्था नभए सम्मको लागी सो वाविकास केन्द्रको भौतिक संरचना तथा फर्निचर सोही क्षेत्रको टोल विकास संस्थालाई जिम्मा दिने निर्णय गरियो ।

१०.यस गाउँपालिकाबाट सिटी हल निर्माणको प्रकाशित सुचना बमोजिम पर्न आएकोवोलपत्र मध्ये

दुर्ग बहादुर थापा
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२००२

नि० प्रमुख प्रशासकीय अधिकृत

नीति कन्स्ट्रक्सनले बोलपत्र फारम दस्तुर धरौटी खातामा जम्मा गरे तापनि गाउँपालिकालाई प्राप्तहुनु पर्ने राजस्व रकम प्राप्त भएकोले उक्त रकम राजस्व खातामा ट्रान्सफर गरी राजस्व प्राप्त भए सरह नै मानी मुल्यांकन प्रकियामा अगाडी बढाउने निर्णय गरियो ।

११.आदर्श माध्यमिक विद्यालय बैदी ४ खाल्टे को नाम ठेगाना परिवर्तन गरी आदर्श माध्यमिक विद्यालय देवघाट २ खाल्टे नामाकरण गर्न वि.व्य स.को निर्णय वमोजिम शिक्षा विकास तथा समन्वय ईकाई दमौलीमा गरिएको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

१२. राष्ट्रिय आधारभुत विद्यालय, देवघाट, ४ काफलडाँडाको भवन निर्माण सशर्त बजेट अनुदान कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

१३.आगामी आ.व. २०७६/०७७ का लागि संचालन हुने कार्यक्रम तथा योजनाहरु वडा कार्यालयबाट माग गर्ने निर्णय गरियो ।

१४..प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व. मा प्राप्त सशर्त बजेट अनुदान रकम रु ८०००००।- मध्ये पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ मा आधारित रही यस गा.पा.को रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगार दिने गरी प्रदेश सरकारबाट बजेट स्विकृत भएवमोजिम भवन निर्माणको काम भएको गोपीटार सामुदायिक होम स्टे र करौंदीप सामुदायिक होम स्टेको भवनमा आवश्यकता अनुसार भवनमा नै थप निर्माणको काम तथा शौचालयको संरचना निर्माण गर्ने योजना छनौट गरी बजेट विनियोजन गर्ने निर्णय गरियो । साथै रोजगार सेवा केन्द्र मार्फत पेश भएको ५३३ मध्ये ५२५ जनाको बेरोजगार सुची स्वीकृत गर्ने निर्णय गरियो ।

१५.मितिः २०७६ वैशाख १८ गते राती १२:३० मा आएको हावा हुरीले वडा नं. ३ को कार्यालय भवन माथी लगाईएको ट्रस र सोलार प्यानल उडाई क्षति पुर्‍याएकोले ईष्टिमेट अनुसार पुनः निर्माण तथा मर्मत गर्ने र तपसिलका व्यक्तिले हावा हुरीले छाना उडाएको तथा गोठ जलेको राहत उपलब्ध गराई पाउँ भनी यस कार्यालयमा निवेदन दिनु भएकोले साधन श्रोतलेभ्याए सम्म राहत उपलब्ध गराउने निर्णय गरियो ।

- गणेश शाही देवघाट २ खाल्टे
- उमराज मल्ल देवघाट २ खाल्टे
- वीर बहादुर आले देवघाट ३

१६) देवघाट गाउँपालिका अन्तर्गगतको साँढेवगरवाट IEE गरी सम्झौता गरी उत्खनन् गर्न दिईएकोमा ढुंगा, गिटी, वालुवा वढी उत्खनन् भएको रिपोर्ट सम्बन्धमा छलफल गर्दा सो सम्वन्धमा थप बुझी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

नि० प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष